# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

(साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएको)

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय बबरमहल, काठमाडौं, फोन नं. ०१-४१११८९५,५३२०९१३,५९०९६१२

Email: info@skbbl.com.np, website: www.skbbl.com.np


को

# संस्थापक समुहको शेयर लिलाम बढाबढ बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आह्वानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०८०/०८/२४**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८०/०९/२९**

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको ३९२,६५७ कित्ता संस्थापक समूहको शेयर प्रति कित्ता न्यूनतम मुल्य रु. ३४८/- मा बिक्री गर्ने बिक्रीकर्ता बैंकको निर्णय अनुसार तपसिलमा उल्लिखित शेयर खरिद गर्न साना किसान सहकारी संस्थाहरु तथा अन्य विद्यमान संस्थापकहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपसिलमा उल्लिखित शर्तहरुको अधीनमा रही देहायका सङ्कलन केन्द्र मार्फत शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | बोलपत्र आवेदन फारम पाईने र बुझाउने स्थान (सङ्कलन केन्द्र) |
|---|---|
| १ | श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं। |
| २ | **श्री साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको शाखा कार्यालयहरुः**<br>(१) बिर्तामोड, झापा (२) इटहरी, सुनसरी (३) बर्दिबास, महोत्तरी (४) हेटौडा, मकवानपुर (५) गजुरी, धादिङ (६) पोखरा, कास्की (७) बुटवल, रुपन्देही (८) नेपालगञ्ज, बाँके (९) वीरेन्द्रनगर, सुर्खेत (१०) बबरमहल, काठमाडौं (११) लहान, सिराहा (१२) अत्तरिया, कैलाली। |
| ३ | श्री एन आई सी एशिया बैंक लिमिटेडको कर्पोरेट कार्यालयः ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं शाखा कार्यालयहरुः क्रमश (१) विराटनगर-३, मोरङ (२) आदर्शनगर, वीरगंज (३) महेन्द्रपुल, पोखरा (४) श्रवणपथ, बुटवल (५) हस्पिटल लाइन, धनगढी र (६) वीरेन्द्रनगर, सुर्खेत। |

**तपसिल**

| क्र.सं. | कम्पनीको नाम शेयर कित्ता | शेयर कित्ता |
|---|---|---|
| १ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ३९२,६५७ |

**शर्तहरूः**

१. यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको "प्रबन्धपत्रमा साना किसान विकास लघुवित्त वित्तीय संस्था साना किसान सहकारी संस्थाहरुलाई लक्षित गरी स्थापना गरिएको हुँदा कुल शेयर पुँजीको अधिक हिस्सा तथा बहुमत साना किसान सहकारी संस्थाहरुको नभएसम्म कृषि विकास बैंक तथा अन्य संस्थापकहरुले आ-आफ्नो स्वामित्वमा रहेको शेयर क्रमशः साना किसान सहकारी संस्थाहरुलाई बिक्री गर्नुपर्ने" व्यवस्था भए बमोजिम माथि उल्लिखित संस्थापक शेयर खरिद गर्नको लागि विद्यमान साना किसान सहकारी संस्थाहरुलाई पहिलो प्राथमिकता दिइने छ।

२. माथि उल्लिखित सङ्कलन केन्द्रहरुबाट बोलपत्र आवेदन फारम रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ। साथै, माथि उल्लिखित सङ्कलन केन्द्रहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले सम्बन्धित सङ्कलन केन्द्रको छाप लगाएको आवेदन फारम खरीद गरी लिन सक्नु हुनेछ। छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँटमा समावेश गरिने छैन।

३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाँउमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

४. शेयर खरिदको लागि न्यूनतम मुल्य प्रति कित्ता रु.३४८/- (अक्षरेपी तीन सय अड्चालिस मात्र) तोकिएको हुँदा उक्त मुल्यभन्दा कम मुल्य अंकित गरी पेश गरेको आवेदन स्वतः रद्द हुनेछ।

५. शेयर खरिदको लागि बोलकबोल गर्दा न्यूनतम १,००० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम माथि उल्लिखित सम्पूर्ण शेयर संख्याको लागि आवेदन दिन सकिनेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा सम्बन्धित नियमनकारी निकायले एउटा व्यक्ति वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमाभन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन।

६. शिलबन्दी खाम बाहिर "साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरिद आवेदन" उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्रमा लाहाछाप गरिएको हुनु पर्नेछ।

७. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आज मिति २०८०/०८/२४ पश्चात् यस वित्तीय संस्थाबाट घोषणा हुने हकप्रद शेयर, बोनस शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरूले प्राप्त गर्ने छन्।

८. बोलपत्रवालाले आफुले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फाराममा उल्लिखित बैंक खातामा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ। साथै Good for Payment Cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क बापतको रकम आवेदक स्वयम्ले बेहोर्नु पर्नेछ।

९. शेयर खरिद गर्न ईच्छुक बोलपत्रदाताले कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, रु.५ लाख रकमभन्दा माथि आवेदन गर्नेको हकमा प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।

१०. शेयर बाँडफाँट गर्दा साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम पहिलो प्राथमिकता साना किसान सहकारी संस्थाहरुलाई दिई शेयर बिक्री गरिने छ। साना किसान सहकारी संस्थाहरुले आवेदन नगरेको खण्डमा वा साना किसान सहकारी संस्थाहरुलाई बाँडफाँट गरी बाँकी रहेको शेयरमात्र सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने अन्य विद्यमान संस्थापक शेयर खरिद आवेदकलाई क्रमशः बिक्री गरिनेछ। अन्य संस्थापकहरुबाट बढी मूल्य तोकी शेयर खरिद आवेदन प्राप्त भएता पनि पहिला साना किसान सहकारी संस्थाहरुलाई शेयर बाँडफाँट गरी बाँकी रहेको शेयर मात्र अन्य आवेदकहरुलाई बाँडफाँट गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मुल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार वित्तीय संस्था/बिक्रीकर्ता बैंकमा निहित रहने छ।

११. शेयर खरिद आवेदन फारममा हाल कायम शेयरधनी नम्बर वा डिम्याट नम्बर उल्लेख गर्नुपर्नेछ।

१२. बोलपत्रहरु मिति २०८०/०९/२९ गते बैंकिङ्ग समयभित्र श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं वा तोकिएको सङ्कलन केन्द्रमा दर्ता भई सक्नु पर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रीत नपुगेको वा म्याद नाघी आएको बोलपत्रलाई मान्यता दिइने छैन।

१३. सम्पूर्ण सङ्कलन केन्द्रहरुबाट बोलपत्र आवेदनहरू प्राप्तभए पश्चात् सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।

१४. उपत्यका बाहिरका सङ्कलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश सङ्कलन केन्द्रबाट कुरियर मार्फत पठाईएको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नियमन निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाइने छ।

१५. आवेदक कम्पनी भएमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, पछिल्लो आ.व.को कर चुक्त प्रमाणपत्र वा कर भुक्तानी गरेको निस्सा, शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको सञ्चालक समितिको निर्णयको प्रतिलिपि र शेयर कारोवारका लागि धितोपत्र दलाल समक्ष ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदि पेश गर्नुपर्नेछ।

१६. स्वीकृत आवेदकलाई बाँडफाँट गर्न बिक्रीकर्ता बैंकले निर्णय गरेको ३ कार्य दिनपछि बाँडफाँटमा नपरेका आवेदकहरूबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।

१७. बाँडफाँटमा शेयर परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ। कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन। बाँडफाँट परेको शेयर तथा प्राप्त बोनस/हकप्रद शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु/बुझाउनुपर्ने ब्रोकरेज लगायत अन्य सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयम्ले बेहोर्नु पर्नेछ।

१८. आवेदनमा हितग्राही खाता उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारिक निक्षेप सदस्यसँग सम्पर्क गरी हितग्राही खाता खोल्न सक्नुहुनेछ।

१९. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www.nicasiacapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ।